इमामले शुक्रबारको दिन खुत्बा (उपदेश) दिइरहेको बेला यदि तिमीले आफ्नो साथीलाई चुप लाग्न भन्यौ भने तिमीले पनि गलत (व्यर्थ) काम गरेको हुन्छौ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "इमामले शुक्रबारको दिन खुत्बा (उपदेश) दिइरहेको बेला यदि तिमीले
आफ्नो साथीलाई चुप लाग्न भन्यौ भने तिमीले पनि गलत (व्यर्थ) काम गरेको हुन्छौ।"
[सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, शुक्रबारको खुत्बामा उपस्थित व्यक्तिहरूले चुपचाप र पूर्ण ध्यानका साथ खतीब (धर्मगुरु) को खुत्बा (उपदेश) लाई सुन्नु पर्छ, ताकि उहाँले यसमा मनन गर्न सकून् । जसले खुत्बा भइरहेको समयमा कसैलाई शान्त रहन वा ध्यान दिएर सुन्न इत्यादि सानो कुरा पनि भन्यो भने ऊ शुक्रबारको नमाजको पुण्यबाट वञ्चित भयो ।

http://sunnah.global/hadeeth/ne/show/3107